नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमडौं
(कर्मचारी समायोजन शाखा)

पत्र सख्या : २०७५/०७६ चलनी नं. : ७०

मिति २०७५/०९/०४

विषयः- कार्यरत पद (तह) मा नै समायोजनको पत्र दिने बारे ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह सबै ।

प्रस्तुत विषयमा कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उपदफा (४) बमोजिम साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई बहाल रहेको कर्मचारीहरुलाई निजहरुको हालको तहमा नै समायोजनको पत्र दिनुपर्नेमा कतिपय स्थानीय तहहरुले अध्यादेशको दफा ७ (सरकारी सेवाका कर्मचारी समायोजन गर्ने) को व्यवस्था अनुसार तह वृद्धि वा ग्रेड वृद्धि समेत गरी समायोजनको पत्र दिएको पाइएको छ । अध्यादेशको दफा ७ को उपदफा (४) को तह वृद्धि वा ग्रेड वृद्धि सम्बन्धी व्यवस्था सरकारी सेवा (निजामति सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका- संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम नियुक्त) कर्मचारीहरुका लागि मात्र लागु हुने भएकोले साविक स्थानीय निकायका कर्मचारीहरुलाई समायोजको पत्र दिंदा गरिएको तह वृद्धि वा ग्रेड थप अध्यादेशको प्रतिकुल हुने हुँदा त्यस्ता कर्मचारीहरुलाई तह वृद्धि वा ग्रेड थप नगरी हाल कार्यरत पद (तह) मा नै समायोजनको पत्र मात्र दिने व्यवस्था हुन अनुरोध छ ।

अध्यादेशको दफा २३ मा प्रदेश वा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारी (साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति पाई हाल स्थानीय तहमा कार्यरत कर्मचारी वा प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका संगठित संस्थाका स्थायी कर्मचारी) र साविकमा तहगत रुपमा रही समान तहमा प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका सरकारी सेवाका कर्मचारीहरुको हकमा निजहरुको नियुक्ति, शैक्षिक योग्यता र सेवा अवधिको आधारमा मापदण्ड बनाई प्रोत्साहन सुविधाको व्यवस्था गर्न सकिने व्यवस्था रहेको समेत जानकारी गराईन्छ ।

बोधार्थ
श्री प्रमुखज्यू, स्थानीय तह सबै : आवश्यक सहयोगका लागि ।

२०७५/०९/०४
(अनिता निरौला)
उप सचिव